# पाँचखपन नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## वाना, संखुवासभा

प.सं. ०७८/७९
च. नं. :

प्रदेश नं. १, नेपाल

मितिः२०७८।१०।१३

## घर भाडा लिने सम्बन्धी जरुरी सूचना ।

यस कार्यालयको प्रयोजनको लागि देहायको सर्त बन्देज बमोजिम घर भाडामा लिनु पर्ने भएको हुदा घर भाडामा दिन इच्छुक घरधनीहरुले मिति २०७८।१०।२० गते कार्यालय समय भित्र यस नगर कार्यपालिकाको कार्यालयमा तपसिलका कागजात सहित दरखास्त पेश गर्नु हुन सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल (सर्त, बन्देज एवं पेश गर्नु पर्ने आवश्यक कागजातहरु)**

क) घर पाँचखपन नगरपालिका वडा नं. ६ स्थित वाना बजार भित्र हुनु पर्नेछ ।

ख) घरको बनोट आर.सि.सि.(पक्की) हुनु पर्नेछ र एकै तला वा अलग अलग तलामा कम्तिमा १२×१२ फिटको २ वटा कोठा उपलब्ध गराउनु पर्नेछ । भाडामा दिने घरमा विद्युत, खानेपानी, शौचालय र सडकको सुविधा भएको हुनु पर्नेछ ।

ग) दरखास्त साथ भाडामा दिने घरको जग्गाधनी दर्ता प्रमाण पूर्जाको फोटोकपी, आ.व. ०७८/७९ सम्म भाडामा दिने घर जग्गाको धुरीकर एवं मालपोत तिरेको रसिद र जग्गाधनीको नेपाली नागरिकतको फोटोकपी खामबन्दी गरी पेश गर्नु पर्नेछ साथै दरखास्तमा विद्युत् र खानेपानीको महशुल एवं कार्यालयको आवश्यकता बमोजिम कोठाको घेराबेरा लगायत अन्य व्यवस्थापन खर्च यस कार्यालयबाट बेहोर्ने गरी सो को लागत बाहेक मासिक के कति दरमा घर भाडामा उपलब्ध गराउन सक्ने हो अङ्क र अक्षरमा स्पष्ट रुपमा खुलाउनु पर्नेछ ।

घ) घर भाडा दिए बापत यस कार्यालयलाई बुझाउनु पर्ने नियमानुसारको कर कटाई हुन आउने रकम मात्र यस कार्यालयबाट भुक्तानी उपलब्ध गराईनेछ र अन्य नियमानुसारको कर समेत घर धनि स्वयम्ले बुझाउनु पर्नेछ ।

ङ ) अन्य विषय कानुन बमोजिम एवं यस कार्यालय संगको सम्झौता बमोजिम हुनेछ ।

१०।१३

.....................
मणिराम खतिवडा
प्रमुख प्रशासकीय अधिकृत

मणिराम खतिवडा
प्रमुख प्रशासकीय अधिकृत
पाँचखपन नगरपालिका